# कोरोना कहरमा एनसिई नेपालको पहल

विशेष समाचारपत्र

## शिक्षाका लागि विश्वव्यापी अभियान २०२१

अंक ८

## पृष्ठभूमि

विषम परिस्थितिमा समेत सबैको सुरक्षित र संरक्षित वातावरणमा शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको सुनिश्चितता हुनुपर्दछ भन्ने विषयमा वकालत गर्दै एनसिई नेपालले सङ्घ, प्रदेश र स्थानीय सरकारसँग निरन्तर संवाद र बहसका साथै विभिन्न पैरवीमूलक गतिविधि र नीतिगत छलफलहरू गर्दै आएको छ । यसै अनुरूप यस अप्रिल महिनामा एनसिई नेपाल, यसका सदस्य संस्थाहरू, जिल्ला एवम् प्रदेश समन्वय समिति तथा शिक्षा सम्बद्ध विभिन्न ४२५ वटा सङ्घसंस्थाहरूको सहकार्यमा हरेक वर्ष मनाउँदै आइरहेको शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह यस वर्ष पनि "शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता" भन्ने मूल नाराका साथ मनाइएको छ । वान बिलियन भ्वाइसेस अर्थात् महामारीबाट शिक्षामा प्रभावित १ अरब जनसङ्ख्याको आवाजलाई बुलन्द बनाउन विश्वभरि १०० भन्दा बढी देशमा सञ्चालित यस अभियानमा एनसिई नेपालले पनि आफ्नो सहभागिता तथा ऐक्यबद्धता जनाइरहेको छ । विश्वव्यापी रुपमा नागरिक समाजका सङ्घ तथा संस्थाहरुले मनाउने यो अभियान प्रत्येक वर्षको अप्रिल चौथो हप्ता पर्ने गर्दछ । एनसिई नेपालले यसका सदस्य संस्थाहरु, साझेदार संस्था र अन्य सरोकारवालाहरुको सहकार्यमा प्रत्येक वर्ष सार्वजनिक शिक्षासँग सम्बन्धित विभिन्न सवालहरुमा विभिन्न अभियान तथा कार्यक्रमहरुको आयोजना गरी मनाउने गर्दछ । तसर्थ यसै अभियानमा ऐक्यबद्धता स्वरूप यस वर्ष एनसिई नेपालको अगुवाइमा मनाइएको विश्वव्यापी कार्य सप्ताह २०२१ सङ्घीय स्तरमा काठमाडौँ सहित सिन्धुपाल्चोक, दोलखा, लमजुङ्, बारा, दाङ्, बाँके, धनुषा, पर्सा, पर्वत, मकवानपुर र कपिलवस्तु जिल्लामा विभिन्न गोष्ठी, नीतिगत छलफल, पैरवीमूलक गतिविधि, रेडियो र भर्चुवल संवाद कार्यक्रम गरी मनाइएको छ । यसका साथै राष्ट्रिय स्तरमा प्रतिनिधि र राष्ट्रिय सभाका सदस्यहरुको बिच शिक्षामा लगानी विषयक संवाद कार्यक्रम र लोक सङ्गीतका चर्चित कलाकारहरूद्वारा सार्वजनिक शिक्षाको समसामयिक विषयमा लोक दोहोरी कार्यक्रमका गरी उक्त सप्ताह मनाइएको छ । यसै अवधिमा बागमती प्रदेश र प्रदेश २ मा तत् प्रदेशको शिक्षाको अवस्था, शिक्षामा लगानीमा प्राथमिकता र अबको कार्यदिशा बारे प्रदेश स्तरीय गोष्ठी तथा छलफलहरु समेत सम्पन्न भएका छन् ।

## बागमती प्रदेशको शैक्षिक अवस्था र अबको कार्यदिशाबारे छलफल कार्यक्रम

बागमती प्रदेश सरकारले सार्वजनिक शिक्षाको क्षेत्रमा गरेका काम, शिक्षामा बागमती प्रदेश सरकारको लगानी र प्राथमिकताका विषयवस्तुहरू, प्रदेश शिक्षा नीति तथा प्रदेशको भावी कार्यदिशा र चुनौती लगायत विषयमा एनसिई नेपालले प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश राजधानी हेटौँडामा सम्पन्न गरेको छ ।

बागमती प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय रामेश्वर फुयाँलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेशसभाका सदस्यहरू, स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक विकास मन्त्रालयका प्रतिनिधिहरू, नागरिक समाज, शिक्षाविद्, शिक्षक, युवा तथा पत्रकारहरू सहित करिब ६० जनाको सक्रिय सहभागिता रहेको थियो ।




*प्रदेश सभा सदस्य माननीय जुनेली श्रेष्ठ कार्यक्रममा आफ्नो मन्तव्य राख्दै*

कार्यक्रमले बागमती प्रदेशको शिक्षा नीतिलाई समयानुकूल बनाई तत्काल पारित गर्न प्रदेश सरकासँग वकालत गरेको थियो । साथै स्थानीय पाठ्यक्रममा आधारित शिक्षा लागू गर्न, शिक्षक व्यवस्थापन गर्न, कोरोना तथा अन्य विपत् र महामारीमा शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न र सबैको शिक्षा अधिकार सुनिश्चित हुनेगरी कार्ययोजनाहरू तयार गरी कार्यान्वयन गर्न प्रदेश सरकारको तर्फबाट शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता हुनुपर्ने सवालमा समेत वकालत गरेको थियो ।

कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय रामेश्वर फुयाँलले केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले जनतासँग सामुदायिक समन्वय गरी सार्वजनिक शिक्षाको सबलीकरणका लागि प्रदेश सरकारले पर्याप्त लगानी गर्नेमा आफू प्रतिबद्ध रहेको जानकारी गराउनु भयो । बागमती प्रदेश सभा सदस्य माननीय जुनेली श्रेष्ठले शिक्षालाई वैज्ञानिक तथा व्यावहारिक बनाउनुपर्ने, स्पष्ट नीति तथा नियम बनाउनुपर्ने कुरा व्यक्त गर्दै सार्वजनिक शिक्षाको बजेट वृद्धिमा आफूले पहल गर्ने कुरामा प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# प्रदेश नं २ को शैक्षिक अवस्था र अबको कार्यदिशाबारे छलफल कार्यक्रम

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले प्रदेश नं २ को समग्र शिक्षाको अवस्था, प्रदेश सरकारद्वारा शिक्षा क्षेत्रको विकासमा भएका कार्यहरू, शिक्षामा प्रदेश सरकारको लगानीको अवस्था, प्रदेश शिक्षा नीति तथा प्रदेशको भावी कार्यदिशा लगायतका विषयमा प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम जनकपुरमा सम्पन्न गरेको छ ।



*प्रदेशका योजना तथा आर्थिक मामिला मन्त्रालयका राज्यमन्त्री माननीय उषा देवी यादव कार्यक्रममा बोल्दै*

कार्यक्रममा महामारीको अवस्थामा बालबालिकाको सिकाइ सुनिश्चिता, शिक्षा क्षेत्रमा पर्याप्त लगानी, शिक्षक विद्यार्थीको अनुपात व्यवस्थापन, प्रदेश शिक्षा नीतिको कार्यान्वयन, जस्ता विषयहरुमा छलफल भएको थियो । साथै विद्यालयलाई क्वारेन्टिनको रूपमा प्रयोग नगर्न, अभिभावक शिक्षामा जोड दिन, बालिकाहरूको लागि सुरक्षित सिकाइ र बालविवाह विरूद्ध अभियानमा साथ दिन सहभागी तथा सरोकारवालाहरूले जोड दिएका थिए ।

प्रदेश २ का योजना तथा आर्थिक मामिला मन्त्रालयका राज्यमन्त्री माननीय उषा देवी यादवको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको उक्त कार्यक्रममा प्रदेशसभा सदस्यहरू, स्थानीय जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक विकास मन्त्रालयका प्रतिनिधिहरू, नागरिक समाज, शिक्षाविद्, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, युवा अभियान्ता तथा पत्रकारहरु सहित करिब ६० जनाको सहभागिता रहेको थियो ।



*सहभागीहरु कार्यक्रममा छलफल गर्दै*

कार्यक्रमका प्रमुख अतिथि माननीय उषा देवी यादवले शिक्षालाई राजनीतिबाट टाढा राख्नुपर्ने कुरामा जोड दिँदै शिक्षा क्षेत्रमा भएको त्रुटिलाई कसरी हटाउने भनेर सबै सरोकारवालाहरूले सोचेर सरकारलाई बेलाबेलामा सुझाव दिनुपर्ने कुरा बताउनुभयो । साथै उहाँले शिक्षा क्षेत्रमा भएको बेथितिलाई हटाउँदै प्रदेशको शैक्षिक स्तर सुधार गर्न आफू प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो । कार्यक्रममै जनकपुर उपमहानगरपालिकाका उपमेयर श्री रीता कुमारी मिश्र, आरूहि गाउँपालिकाका अध्यक्ष श्री ब्रह्मदेव यादव, मिथिला नगरपालिकाका उपमेयर श्री तारा बस्नेत र गणेशमान चनाथ नगरपालिकाका उपमेयर श्री मीना कुमारी यादव र पर्सा जिल्ला पोखरिया नगरपालिकाका मेयर श्री दीप नारायण रौनियारले तीनै तहका सरकारले एक अर्काको अस्तित्वलाई स्वीकार गर्दै सहकार्य गर्नुपर्ने, शिक्षा क्षेत्रमा भएको बेथितिलाई अन्त्य गर्न समुदाय र सरकार मिलेर पहल गर्नुपर्ने, गुणस्तरीय शिक्षाका निमित्त पर्याप्त लगानी सुनिश्चित गरी त्यसको सदुपयोग गर्नुपर्ने लगायतका विषयहरूमा जोड दिनुभएको थियो ।

# स्थानीय बजेट निर्माण प्रक्रियामा नागरिक सहभागिता




*एनसिई पर्साद्वारा आयोजित छलफल कार्यक्रम*

विश्वव्यापी कार्य सप्ताह २०२१ को सन्दर्भमा पर्सा, पर्वत र कपिलवस्तु जिल्लाले स्थानीय बजेट निर्माण प्रक्रियामा नागरिकका शिक्षा सम्बद्ध आवाजहरूलाई स्थानीय सरकार समक्ष पुऱ्याउनका निमित्त छलफल कार्यक्रमहरू आयोजना गरेका छन् । जिल्ला समन्वय समिति पर्साको आयोजनामा पर्सामा आयोजित शिक्षाको बजेट निर्माण प्रक्रियामा नागरिकको आवाज विषयक छलफल कार्यक्रममा देशको विकृति रोक्न शिक्षाको नै महत्वपूर्ण भूमिका रहेकाले प्रत्येक विद्यालयका शिक्षकहरूको प्रत्येक महिना बैठक (मिटिङ) बसी प्रत्येक महिनाको उपलब्धी र कमी कमजोरी पत्ता लगाई समधान गरी शिक्षामा लगानी गर्ने तथा नगरपालिका भित्र रहेका १७ वटा विद्यालयको लागि प्रत्येक विद्यालयमा पुस्तकालय र कम्प्युटरको व्यवस्था गरिने, विद्यालयको गतिविधिलाई अभिभावक बोलाई सार्वजनिक गरिने र सरकारले दिएको सेवा सुविधा बारे छलफल गर्ने प्रतिबद्धता पर्साको बहुदरमाई नगरपालिकाको वडा नं २ का अध्यक्ष जितेन्द्र पटेलले जनाउनुभयो ।





*एनसिई पर्वतद्वारा आयोजित भर्चुवल संवाद कार्यक्रम*

यसैगरी शिक्षामा लगानी बढाऔं भन्ने मूल नाराका साथ पर्वत जिल्लाको फलेवास नगरपालिकामा आयोजित कार्यक्रममा

नगरपालिकाका उपप्रमुख मञ्जु अधिकारीले शिक्षाकै माध्यमबाट सबै क्षेत्रको विकासलाई बढावा दिन सकिने भएकाले तीनै तहका सरकारहरूले बिना हिचकिचाहट सार्वजनिक शिक्षाको स्तर माथि उठाउन पर्याप्त लगानी गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । यसका साथै उहाँले फलेवास नगरपालिकाले गुणस्तरीय शिक्षाका लागि शिक्षक तालिम, अङ्ग्रेजी माध्यममा पठनपाठनको सुरूवात, महिला शिक्षकको व्यवस्था, आइसिटीको प्रयोग,स्कुल बसको व्यवस्था, अभिभावक सचेतीकरणदेखि विद्यालयहरूको भौतिक संरचना व्यवस्थापनमा जोड दिइरहेको र आगामी वर्षको बजेटमा शिक्षालाई विशेष प्राथमिकता दिएर बजेट विनियोजन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । उपप्रमुख अधिकारीले पालिकाभित्रका विद्यालयहरूको शैक्षिक अवस्था सुधार गर्नका लागि सबै सरोकारवालाहरूको सहभागिता र साझेदारीमा काम गर्न फलेवास नगरपालिका तत्पर रहेको समेत प्रतिबद्धता व्यक्त गर्नुभयो ।


सोही जिल्लाको जलजला गाउँपालिकाका उपाध्यक्ष सीमा गर्बुजा पुनले मुलुक रूपान्तरणको भरपर्दो आधार मानिएको सार्वजनिक शिक्षालाई सबै तहका सरकारहरूले उच्च प्राथमिकता दिनुपर्ने खाँचो औंल्याउँदै शैक्षिक गुणस्तर वृद्धि गर्न तथा बजारको आवश्यकताअनुरूपको शैक्षिक उत्पादन निकाल्नका लागि हाल भैरहेको लगानीको दरलाई वृद्धि गर्नैपर्ने कुरामा जोड दिँदै जलजला गाउँपालिकाले चालु वर्षको तुलनामा आगामी बजेटमा शिक्षाका लागि धेरै बजेट छुट्याउने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

साथै, महाशिला गाउँपालिकाका प्रवक्ता तथा वडा नं. ५ का वडा अध्यक्ष जीवन उचै ठकुरीले महाशिला गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका लागि र कोभिड-१९ ले शिक्षामा पारेका प्रभाव न्यूनीकरणका लागि गरेका सिर्जनात्मक कामहरूको बारेमा जानकारी गराउँदै पालिकाको शैक्षिक व्यवस्थापनलाई प्रभावकारी र चुस्तदुरूस्त बनाउनका लागि आउने वर्षमा शिक्षाको बजेट वृद्धि गर्ने प्रतिबद्धता प्रकट गर्नुभयो ।




*एनसिई कपिलवस्तुद्वारा आयोजित भर्चुवल संवाद कार्यक्रम*

यसका साथै शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल जिल्ला समन्वय समिति कपिलवस्तुले आयोजना गरेको शिक्षामा लगानी बढाऔं भन्ने संवाद कार्यक्रममा वाणगङ्गा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख बाबुराम भट्टराईले शिक्षामा पहुँच बढाउने, शैक्षिक व्यवस्थापन गर्ने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने योजना सहितको सूचना प्रविधिको क्षेत्रमा लगानी आवश्यक भएको बताउँदै सोका निमित्त बजेट वृद्धिमा पहल गर्ने बताउनुभयो ।



गुणस्तरीय शिक्षाका लागि त्रिपुरासुन्दरी गाउँपालिका र सरोकारवालाहरूको प्रतिबद्धता-पत्र

त्रिपुरासुन्दरी गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ तथा शिक्षा नियमावलीले गरेको व्यवस्था अनुसार यस गाउँपालिकाको शैक्षिक विकासलाई गुणस्तरीय बनाउन गाउँपालिका भित्र रहेका विद्यालयहरूको क्षमता विकास तथा विपदको समयमा सिकाइ प्रकृयालाई निरन्तरता दिन शिक्षाको लागि विश्वव्यापी कार्यसप्ताह २०२१ को अवसरमा शिक्षाका लागि राष्ट्रिय अभियान सिन्धुपाल्चोक र त्रिपुरासुन्दरी गाउँपालिकाको सहकार्यमा आयोजना भएको "शिक्षामा लगानी" विषयक अन्तरक्रिया कार्यक्रममा उपस्थित हामी जनप्रतिनिधीहरु, सरोकारवाला निकाय तथा विद्यालयहरूको प्रतिनिधीहरूले छलफल पश्चात गुणस्तरीय शिक्षाका लागि त्रिपुरासुन्दरी प्रतिबद्धता-पत्र जारी गरेका छौं ।

तपशिल :

१) गाउँपालिकाको समग्र विकास प्रकृया र अभियानको मेरुदण्ड नै शिक्षा रहेकोले स्थानीय सरकारको तर्फबाट पहिलो प्राथमिकताका साथ शिक्षा क्षेत्रको कार्यक्रम तर्जुमा र बजेट व्यवस्थापन गरिनेछ । यस कार्यको लागि सम्भावित सहयोगी निकायहरूको पहिचान र सहकार्यलाई जोड दिइनेछ ।

२) शिक्षाको विकासको लागि स्थानीय समुदायको अपनत्व विकास गर्न अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ भने सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक वातावरण सुधार, शिक्षकको क्षमता विकास र विद्यार्थीको हौसला अभिवृद्धिको लागि यथोचित कार्यक्रमहरु संचालन गरिनेछ । विषयगत शिक्षकको व्यवस्था गरी क्षमता विकास गर्नमा आवश्यक व्यवस्था गरिनेछ ।

३) गाउपालिकाभित्र संचालन भएका बालविकास केन्द्रहरूको प्रभावकारी संचालन र व्यवस्थापनका लागि बालबालिकाको नियमित उपस्थिती, सहजकर्ताहरूको क्षमता विकास, हौसला अभिवृद्धि तथा भौतिक सुधारमा जोड दिइनेछ । आवश्यकता अनुसार नयाँ बालविकास केन्द्रको स्थापना र संचालन गरिनेछ ।

४) त्रिपुरासुन्दरी गाउपालिकाले शैक्षिक विकासका क्षेत्रमा गरेको लगानीको प्रतिफलको सुनिश्चितताका लागि प्रकृयाबद्ध तरिकाले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ । शिक्षा क्षेत्रमा कुनै प्रकारको अनियमितता र भ्रष्टाचार हुन दिइने छैन ।

५) त्रिपुरासुन्दरी गाउपालिकामा शिक्षाको समुचित विकास तथा नमुना अभ्यासहरूको प्रवर्द्धनको लागी नमुना विद्यालय निर्माणको अवधारणालाई अझ विस्तार गरी हरेक वर्ष कम्तीमा २ वटा नमुना विद्यालय निर्माण र घोषणा गर्ने कार्यलाई आवश्यक बजेट व्यवस्था, हौसला, प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

६) नेपालको शिक्षाको विकासलाई परिणाममुखी बनाउन नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता अनुसार कुल गार्हस्थ उत्पादनको ६ प्रतिशत तथा कुल वार्षिक बजेटको २० प्रतिशत सम्म शिक्षा क्षेत्रमा लगानी गरी उपलब्धीमुलक नतिजा निकाल्न हामी त्रिपुरासुन्दरी गाउपालिकाका जनप्रतिनिधी, शैक्षिक निकाय तथा सरोकारवाला निकायहरु सामुहिक प्रतिबद्धता जाहेर गर्दछौं ।

*त्रिपुरासुन्दरी प्रतिवद्धता-पत्र*

यसका साथै शिक्षाका लागि राष्ट्रिय अभियान सिन्धुपाल्चोक र त्रिपुरासुन्दरी गाउँपालिकाको सहकार्यमा आयोजना भएको शिक्षामा लगानी विषयक अन्तरक्रिया कार्यक्रममा उपस्थित जनप्रतिनिधिहरू, सरोकारवाला निकाय तथा विद्यालयहरूको प्रतिनिधिहरूले छलफल पश्चात् गुणस्तरीय शिक्षाका लागि १६ बुँदे त्रिपुरासुन्दरी प्रतिबद्धता-पत्र जारी भएको छ जुन तलको लिङ्क मार्फत हेर्न सकिन्छ :

https://drive.google.com/file/d/1wvWEnf1hsgqNIULc4RYcci3OWp5BGCN9/view?usp=sharing

# शिक्षामा लगानी वृद्धिका निमित्त स्थानीय छलफल

कोरोना महामारीको अवस्थामा समेत बालबालिकाको सिकाइ निरन्तरताको आवश्यकता र यसको लागि तीनै तहका सरकारबाट शिक्षामा लगानी वृद्धि, भएको लगानीको उचित सदुपयोग, समतामूलक लगानीको सिर्जना र स्थानीय स्रोत साधनको परिचालन गरिनुपर्छ भन्ने मुख्य नाराहरूका साथ एनसिई नेपालले यसका जिल्ला समन्वय समितिहरुको समन्वयमा दोलखा, लमजुङ्ग, बारा, दाङ्ग, बाँके र धनुषा, जिल्लामा विभिन्न गोष्ठी, नीतिगत छलफल, पैरवीमूलक गतिविधि, रेडियो र भर्चुवल संवाद कार्यक्रम गरी सम्पन्न भएका छन् ।



*एनसिई दोलखाद्वारा आयोजित संवाद कार्यक्रम*


उक्त कार्यक्रमहरूमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत र कूल ग्राहस्थ उत्पादनको ४ प्रतिशतसम्म शिक्षाका लागि लगानी गर्नुपर्ने माग राखिएको थियो । कार्यक्रममा स्थानीय तहमा शिक्षा क्षेत्रमा लगानीको अवस्था, लगानीको विषयमा भएका राम्रा अभ्यासको प्रस्तुति, कोभिड महामारी तथा विपत्को समयमा शिक्षालाई कसरी निरन्तरता दिन सकिन्छ, वैकल्पिक शिक्षण सिकाइका प्रक्रियाहरू, स्थानीय तहले स्वआर्जित गरेको स्रोतबाट शिक्षामा लगानी वृद्धि कसरी गर्न सकिन्छ भन्ने सवालमा छलफल गरिएको थियो । साथै कार्यक्रममा स्थानीय सरकारले बजेट निर्माण गर्दा सहभागितामूलक ढङ्गबाट आवश्यकताको आधारमा गर्नुपर्ने, प्रविधिमैत्री र प्रयोगात्मक शिक्षामा लगानी जस्ता कुरामा छलफलका साथै आगामी दिनमा शिक्षाको रणनीतिबारे चर्चा भएको थियो । यी कार्यक्रममा शिक्षामा लगानी वृद्धि गर्ने विषयमा जनप्रतिनिधि र सरोकारवालाद्वारा प्रतिबद्धता जनाइएको थियो । साथै कार्यक्रमले आ.व.२०७८/०७९ को बजेट बनाउँदा स्थानीय स्तरमा आर्जित स्रोतबाट खर्च गर्ने सहमती पनि जुटाएको थियो ।

एनसिई नेपाल जिल्ला समन्वय समिति दोलखाले आयोजना गरेको शिक्षामा स्थानीय सरकारको भूमिका विषयक कार्यक्रममा भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले माध्यमिक तहसम्मको अधिकार स्थानीय सरकारलाई भने पनि अन्यौलपूर्ण अवस्था रहेको गुनासो गर्दै नगरको शैक्षिक विकासका लागि प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नुभयो । कार्यक्रममा भीमेश्वर नगर शिक्षा समितिका सदस्य शंकरलाल श्रेष्ठले हालको अवस्थामा आएको शैक्षिक क्षेत्रको समस्या समाधानका लागि वैकल्पिक विधिको प्रयोग,परीक्षा अभिलेखीकरण,शैक्षिक सामग्री निर्माण, विद्यार्थी अभिलेखीकरण,सूचना प्रविधिमैत्री शिक्षक बनी रचनात्मक र सिर्जनात्मक कामका शिक्षकको संलग्नता रहनुपर्ने जस्ता कुरामा जोड दिनुभयो ।



*एनसिई लमजुङ्गद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम*

गुणस्तरीय शिक्षा सुधारको लागि लगानी बढाऔँ भन्ने बारेमा एनसिई जिल्ला समन्वय समिति लमजुङले आयोजना गरेको कार्यक्रममा बेँसीसहर नगरपालिका कार्यसमिति सदस्य विष्णुमाया रानाले आ.व.२०७८/०७९ को बजेट बनाउँदा शिक्षामा बजेट बढाउने प्रतिबद्धता गर्नुभएको थियो ।



*एनसिई बाराद्वारा आयोजित भर्चुवल संवाद कार्यक्रम*

यसैगरी एनसिई जिल्ला समन्वय समिति बाराले आयोजना गरेको शिक्षामा लगानी विषयक कार्यक्रममा प्रसौनी गाउँपालिकाका उपाध्यक्ष गीता कुमारीले सार्वजनिक शिक्षालाई बढवा दिँदै सार्वजनिक विद्यालयमा गुणस्तर बढाउनका निमित्त लगानीको साथै कम्प्युटरको व्यवस्था गर्ने तथा शिक्षा क्षेत्रलाई कुल स्थानीय बजेटको कम्तीमा २० प्रतिशत लगानी छुट्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

एनसिई नेपाल जिल्ला समन्वय समिति धनुषाद्धारा आयोजित शिक्षामा स्थानीय सरकारको भूमिका र आर्थिक लगानी विषयक कार्यक्रममा जनकपुरधाम उपमहानगर पालिका १ का वडाध्यक्ष शत्रुघ्न साहले वडा भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षकको तलब भत्ताबाहेको लगानी गर्न नसकेको स्वीकार गर्दै अगामी बजेटमा शिक्षा क्षेत्रका लागि पनि बजेट विनियोजन गर्ने आश्वासन दिनुभयो ।



*एनसिई धनुषाद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम*

साथै सोही सप्ताहको अवसरमा युथ एड्भोकेसी नेपालको आयोजनामा शिक्षामा कोभिड १९ ले पारेको प्रभाव र शिक्षा तथा सिकाइ सुनिश्चितताको निमित्त सबै स्तरका सरकारले शिक्षा क्षेत्रमा लगानी बढाउनु पर्ने कुरामा छलफल भएको थियो ।

# शिक्षामा पर्याप्त र प्रभावकारी लगानी विषयक संवाद कार्यक्रम




*संवाद कार्यक्रमको झलक*

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्धारा शिक्षा सम्बद्ध विभिन्न ४२५ वटा सङ्घ संस्थाहरूको सहकार्यमा शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह २०२१ अन्तर्गत "शिक्षा क्षेत्रमा पर्याप्त र प्रभावकारी लगानी गरौँ" भन्ने मूल नाराका साथ संवाद कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा पूर्व मन्त्री एवम् प्रतिनिधि सभाका सदस्य माननीय डा. मिनेन्द्र रिजाल, राष्ट्रिय सभाका सदस्य माननीय डा. विमला राई पौड्याल र गैर सरकारी संस्था महासङ्घ नेपालका उपमहासचिव अर्जुन कुमार भट्टराईको प्रमुख वक्ताका रूपमा सहभागिता रहेको थियो । महामारीमा बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्नका निम्ति शिक्षामा क्षेत्रमा लगानी वृद्धि गर्ने विषयमा सम्बन्धित सरोकारवालाहरूलाई जवाफदेही बनाउन आयोजना गरिएको उक्त कार्यक्रममा जूम र फेसबुक लाईभ मार्फत शिक्षासँग सम्बन्धित विभिन्न सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा वक्ताहरूले संविधानमा व्यवस्था भएको शिक्षा अधिकारको सुनिश्चितताको लागि स्थानीय सरकार बढी जिम्मेवार हुनुपर्ने र स्थानीय सरकारले केन्द्रबाट प्राप्त हुने लगानीमा मात्र निर्भर नभई शिक्षामा आन्तरिक स्रोत साधनको उचित प्रयोग गर्नुपर्ने, उपलब्ध बजेटको उचित सदुपयोग





*संवाद कार्यक्रमका मुख्य अतिथिहरु*

गर्नुपर्ने र सङ्घीय सरकारले पनि आवश्यक नीति तथा ऐनको समयमै व्यवस्था गरी स्थानीय सरकारलाई नै जिम्मेवार बनाउनुपर्ने कुरामा जोड दिएका थिए । साथै अहिलेको अवस्थामा डिजिटल शिक्षण प्रणालीको प्रयोगमा शिक्षकको क्षमता अभिवृद्धि र अभिभावक शिक्षामा समेत लगानी वृद्धि हुनुपर्ने कुरा राख्दै वक्ताहरूले शिक्षा बजेटको प्रतिशत बढाउन पहल गरिने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा प्रतिनिधि सभाका सदस्य माननीय मिनेन्द्र रिजालले शिक्षा क्षेत्रको लगानी एकत्रित प्रणालीमा नभई स्थानीय सरकारको आवश्यकता र क्षमताको आधारमा हुनुपर्ने कुरामा जोड दिनु भएको थियो साथै राष्ट्रिय सभाका सदस्य माननीय डा. विमला राई पौड्यालले स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको भूमिका फरक हुनुपर्ने र उनीहरूको स्रोतका आयामहरू समेत फरक हुनुपर्ने बताउनुभयो । उहाँले सङ्घीय तहले मापदण्ड बनाउने र अनुगमन गर्ने र स्थानीय सरकारलाई शिक्षा अधिकारको कार्यान्वयनको लागि सहजीकरण गर्ने कुरामा जोड दिनुभयो । साथै उहाँले स्थानीय तहमा भएको राम्रो अभ्यासहरूलाई प्रोत्साहन गर्नुपर्ने र लगानी पैसामा मात्रै नभई समुदायको जनशक्तिमा पनि हेर्नुपर्ने बताउनुभयो । कार्यक्रममा गैसस महासङ्घका उपमहासचिव अर्जुन कुमार भट्टराईले गुणस्तर सुधार गर्नको लागि अभिभावकलाई सचेत बनाउने र बालबालिकालाई सार्वजनिक विद्यालयमा पठाउने वातावरण निर्माणको आवश्यक भएको र यसका निमित्त सबै सरोकारवालाको पहल रहनुपर्ने बताउनुभयो । उक्त संवाद कार्यक्रमको सहजीकरण एनसिई नेपालका अध्यक्ष डिल्लीराम सुवेदीद्वारा गरिएको थियो ।

# लैङ्गिक समानता प्रवर्द्धनका निमित्त प्रदेश स्तरीय महिला सशक्तिकरण कार्यक्रम




*कार्यक्रममा महिनावारी स्वास्थ्य बारे छलफल हुँदै*

शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताहको सन्दर्भमा महिला शिक्षाका निमित्त ग्लोबल एक्सन नेपाल, गर्ल्स किक र कुशल नेपालको प्राविधिक सहयोगमा छोरी शिक्षाका लागि राष्ट्रिय सञ्जाल (National Network for Girls Education (NNGE) ले कार्य सप्ताहभर लैङ्गिक समानता प्रवर्द्धनका निमित्त सातवटै प्रदेशमा प्रदेश स्तरीय महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ ।

कार्य सप्ताहभर आयोजना भएको प्रदेश स्तरीय कार्यक्रममा किशोरीहरूको विद्यालय छाड्ने दर बढेसँगै त्यसको लागि अपनाउनु पर्ने उपायहरु, किशोरीहरूमाथि हुने हिंसा प्रतिकारका निमित्त आत्मरक्षाका तरिकाहरूबारे प्रत्येक विद्यालयद्वारा प्रदान गर्नुपर्ने र विद्यालयहरुले बालिकाहरुलाई स्यानीटरी प्याड बनाउने सीप तथा तालिम प्रदान गर्ने जस्ता विषयमा छलफल भएको थियो । सातवटै प्रदेशका कार्यक्रमहरू युवाद्वारा नै सहजीकरण गरिएको थियो र उक्त कार्यक्रमहरूले युवाहरूको क्षमता अभिवृद्धिसँगै नेतृत्व विकासमा पनि सहयोग गरेको थियो ।

# सार्वजनिक शिक्षाको समसामयिक विषयमा लोक दोहोरी कार्यक्रम



*लोक दोहोरी कार्यक्रमको झलक*

सार्वजनिक शिक्षाको सबलीकरण र त्यसको लागि पर्याप्त लगानीको आवश्यकता भन्ने सन्देश रचनात्मक ढङ्गले प्रवाह गर्ने उद्देश्यले एनसिई नेपालले शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताहको अवसरमा सन्देशमूलक लोक दोहोरी कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा चर्चित लोक कलाकार बद्री पङ्नेनी र पूर्णकला बि.सि. लगायत बाल कलाकार आयुषा गौतमद्वारा सार्वजनिक शिक्षामा भएका विसङ्गति र सुधार हुनुपर्ने विषयमा दोहोरी गीतको माध्यमबाट सन्देश प्रवाह गरेका थिए । जूम र फेसबुक लाईभ मार्फत उक्त कार्यक्रममा सयौं सहभागीहरुको ऐक्यबद्धता रहेको थियो । उक्त कार्यक्रमले सार्वजनिक शिक्षाका बेथितिहरूलाई दर्शाउँदै सरकारले शिक्षा क्षेत्रमा पर्याप्त लगानी गरी कोरोना महामारीमा पनि सबैका निमित्त गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न आह्वान तथा अनुरोध गरेको थियो ।

# सामाजिक सञ्जालमा सूचनामूलक पोष्टहरु

विश्वव्यापी कार्यसप्ताह २०२१ मनाउने सन्दर्भमा एनसिई नेपालले शिक्षामा लगानी र बालबालिकाको शिक्षा अधिकार, शिक्षक व्यवस्थापन, शिक्षा र प्रविधिको पहुँच विषयमा विभिन्न सन्देशमूलक पोष्टहरू तयार गरी सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्ने कार्य गरेको छ । यसका साथै एनसिई जिल्ला समन्वय समितिद्वारा स्थानीय एफएम रेडियोबाट शैक्षिक आह्वानसहितको पीएसए बजाउने, सामाजिक सञ्जालबाट शैक्षिक सवालमा आधारित इन्फोग्राफिक्सहरू सार्वजनिक गर्ने तथा शिक्षामा बजेट वृद्धिका लागि स्थानीय सरकारहरूलाई आह्वान गर्ने कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।
























# एनसिईं नेपाल सञ्चार माध्यममा



LOKATANTRAONLINE.COM

**विद्यालयको शैक्षिक सुधारका लागि सरोकारवालाहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्**



SAHEEKHABAR.COM

**शिक्षामा परिवर्तनकारी सोचको अभाव भोः मन्त्री फुयॉल**

मकवानपुर / भौतिक योजना तथा योजना मन्त्री रामेश्वर फुयालले पहाडी क्षेत्र र त...



दैनिक जन भण्डाफोर

JAN BHANDAPHOR DAILY

कोरोना संक्रमणले वीरगञ्ज अस्तव्यस्त

१६ देखि निषेधाज्ञा जारी, अब अस्पतालले थेग्न नसक्ने

कोरोनाको ग्राफसँगै मानिस मर्न थाले

कोभिड अस्पतालको व्यवस्थापन हुन सकेन

माओवादीले धमाधम सिकञ्जा कस्दै

रौतहटका २ नगरप्रमुख पार्टी निष्कासन

विद्यालयले सरकारको आदेश टेरेन

सञ्चालित स्कूल धमाधम प्रहरीले बन्द गर्दै

रक्सौलमा कोरोनाले जनजीवन त्रसित बन्दै

अब हजारौंमल माविलाई कोभिड अस्पताल बनाइने

लायन्स क्लबले उत्तरदायित्व वहन गर्दै

अब निःशुल्क अक्सिजन बैंकले सेवा गर्ने


छलफल कार्यक्रम सम्पन्न




JYOTIDAINIK.COM

**NCE NEPAL शिक्षाका लागि राष्ट्रीय अभियान नेपाल,जिल्ला समन्वय समिति पर्साको आयोजनामा भएको कार्यक्**



LOKPATI.COM

**शिक्षा क्षेत्रमा बजेट बृद्धि गर्ने जनप्रतिनिधिले जनाए प्रतिवद्धता**

58Shares लोकपाटी न्यूजनिर्मल पौडेल/ पर्वत, १६ वैशाख। शिक्षा क्षेत्रका लागि ...



BULBULKHABAR.COM

**बागमती प्रदेशमा शिक्षामा लगानी बढाउनुपर्ने माग**

मनहरी । बागमती प्रदेशमा पुर्व आधारभुत देखि बिश्वविद्यालय तहसम्मके शिक्षा...


NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

बबरमहल, काठमाडौं, नेपाल

फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०

पो.ब.नं. : १४४२१

ईमेल : info@ncenepal.org.np

वेभसाईट : www.ncenepal.org.np